संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

खबर

माझखर्क साप्ताहिकको सह-प्रकाशन




■ बर्ष-१७, ▶▶ अंक २४ असोज १३ गते बुधबार,२०७८, September–29 Wednesday 2021 ,यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. १०/- www.majhkharka.com

# उदयपुरमा कोविड संक्रमण शून्यतर्फ

❖ मुलुकी संवाददाता

*उदयपुर, असोज १२*

उदयपुरमा पछिल्लो एक सातायता कोविड संक्रमण दर शून्यतर्फ उन्मुख देखिएको छ। पछिल्लो २४ घण्टामा त्रियुगा नगरपालिकामा १ जना महिला संक्रमित देखिएको उदयपुरमा अघिल्लो दिन पनि चौदण्डीगढी नगरपालिका ६ का एक पुरुषमा संक्रमण देखिएको थियो ।

विगत एकसातायता कोविड संक्रमण दर घट्जै गएर शून्यतर्फ आएको स्वास्थ्य कार्यालय उदयपुरले जनाएको छ । भदौयता संक्रमण दर घट्दै गएकोमा असोज लागेपछि थप घट्ने क्रम बढेको स्वास्थ्य कार्यालय उदयपुरले जनाएको छ। पछिल्लो समय दिनहुँ संक्रमितको संख्या घट्दै गएको पाइएको स्वास्थ्यले जनाएको छ ।

स्वास्थ्य कार्यालयका अनुसार यो सँगै जिल्लामा अव २४ महिला र २२ पुरुषसहित ४६ जना संक्रमित बाँकी रहेका छन् । उनीहरुको उदयपुर कोविड अस्पताल बेलटारलगायत बिभिन्न स्वास्थ्य संस्था तथा आईसोलेसन सेन्टरहरुमा उपचार भईरहेको छ । उदयपुरमा सदरमुकाम गाईघाटस्थित आँखा अस्पतालको आईसोलेसन, उदयपुर कोविड अस्पताल बेलटार तथा अन्य स्थानीयतहपिछे आईसोलेसन सेन्टर स्थापना गरी संक्रमितहरुको उपचार




भईरहेको छ ।

चौदण्डीगढी नगरपालिका ६ सातधारेस्थित जिल्लाको एक मात्र कोविड अस्पतालमा अव १३ जना संक्रमितको उपचार भईरहेको छ । केहीको उपचार भने होमआईसोलेसनमै भईरहेको अस्पतालका फोकल पर्सन तथा नगर स्वासथ्य शाखा प्रमुख तेजबहादुर पोखरेलले बताएका छन्। पोखरेलका अनुसार दिनहुँजसो संक्रमितहरुको संख्या घट्दै गएको छ ।

चौदण्डीगढी नगरप्रमुख खगेन्द्र राईले अहिले पनि संक्रमण छछैन भन्ने पत्ता लगाउन एन्टीजेन र पिसिआर चेकजाँच गर्ने क्रम जारी छ । उनका अनुसार अनुसार गएको एक महिनायता संक्रमितहरु क्रमश: घट्दै गएका छन् । संक्रमितहरुको उपचार आईसोलेसन सेन्टरमै नियमित भईरहेको र यसमा नगरपालिकाले प्रमुखताका साथ ध्यान दिएको मेयर राईले बताए ।

अव जिल्लाको त्रियुगा नगरपालिकामा ७ महिलासहित १७ जना संक्रमित निको हुन बाँकी छ भने कटारी नगरपालिकामा ६ महिलासहित ११ जना, बेलकामा १ महिला, चौदण्डीगढी नगरपालिकामा ९ महिलासहित १७ जना उपचारको सिलसिलामा छन्। गाउँपालिकाहरु ४ वटै संक्रमणमुक्त भईसकेका छन् ।

# आज चर्चित गायिका अनु चौधरी गाईघाटमा



❖ मुलुकी संवाददाता

*गाईघाट, असोज १२*

नेपालकी चर्चित गायीका अनु चौधरी भोली गाईघाट आउनेभएकी छिन्। अनु उदयपुरको गाईघाट स्थित थारुहट रंगशालामा हुन गईरहेको जितिया महोत्सवमा सहभागीका लागि आउने भएकी हुन् । कलकारीतामा राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षमता बटुलीसकेकी उनी माहोत्सवको आकर्षक कलकारको रुपमा गाईघाट आउने छिन्। -afFsL @ k]hdf









# सामाजिक सुरक्षा कार्यान्वयन नभएको महिलाहरुको गुनासो

❖ मुलुकी संवाददाता

*उदयपुर, असोज १२*

सरकारले २०७४ सालदेखि लागू गरेको श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षा कोषको कार्यान्वयन नभएको भन्दै उदयपुरका सरोकारवाला संघसंस्थाले राज्यको ध्यानाकर्षण गराएका छन् । योगदानमा आधारिक सामाजिक सुरक्षा कोषको व्यवस्था श्रम ऐनमै गरिए पनि असंगठित क्षेत्रका श्रमिक महिलाहरुलाई त्यसबाट बञ्चित गरिएको भन्दै त्यसको ग्यारेन्टी गर्न जिल्लाका ४ घटक संस्थाले सरोकारवाला निकायको ध्यानाकर्षण गराएका हुन् ।

योगदानमा आधारित सामाजिक सुरक्षा कोषको संस्थागत विकास नहुँदा असंगठित क्षेत्रका श्रमिक महिलाहरु थप मर्कामा परेको र यसले संबिधानले निदृष्ट गरेको व्यवस्था कार्यान्वयनमा नआएको उनीहरुको तर्क छ । सामाजिक सुरक्षा र ज्यालामाथि भएको विभेदविरुद्ध आन्दोलनरत महिला मानव अधिकार रक्षक सञ्जाल, महिला पुनर्स्थापना केन्द्र (ओरेक) नेपाल, अखिल नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) र महिला सशक्तिकरण स्रोत केन्द्र उदयपुरले संयुक्त रुपमा कार्यक्रम गरी ऐन कार्यान्वयन गराउन सरकारको ध्यानाकर्षण गराएका हुन् ।

उनीहरुले मंगलबार जिल्ला समन्वय समिति उदयपुरको सभाकक्षमा एक कार्यक्रमको आयोजना गरेरै राज्यको ध्यानाकर्षण गर्न स्मरणपत्र बुझाएका छन् । नेपालको संबिधानले व्यवस्था गरे अनुरुप श्रम ऐन २०७४ जारी भई २०७४ साउन २९ गतेदेखि 'श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन'समेत जारी भईसकेको भए पनि त्यसको कार्यान्वयन पक्ष फितलो हुँदा श्रमिक वर्ग मर्कामा परेको गुनासो उनीहरुको छ ।

संबिधानले सबै नागरिक समान भएको परिभाषा गरे पनि महिला र पुरुषलाई समान कामको असमान ज्याला दिएर बिभेद गरिरहेको गुनासो ध्यानाकर्षणपत्रमा उनीहरुले औंल्याएका छन्। सर्वोच्च अदालतले २०७४ कात्तिक १६ गते समान मूल्यको कामका लागि



समान ज्याला प्राप्त गर्ने अधिकारलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सरकारको नाममा आदेश जारी गरेको भए पनि सरकारी तवरबाट त्यसको कार्यान्वयनमा कुनै भुमिका नभएको गुनसाो रक्षक सञ्जालकी अध्यक्ष माया भण्डारीले गरिन् ।

महिला भएकै कारण समान मूल्यको काम गरे पनि असमान ज्याला दिने गरेर महिलामाथि हेर्ने दृष्टिकोणमा राज्यका नेतृत्वकर्ताबाट नै विभेद् भएको उनको भनाई छ। जवसम्म त्यो विभेद्को अन्त्य हुँदैन तवसम्म महिलाहरु प्रताडित हुने क्रम जारी रहने उनले बताईन्। कार्यक्रममा जिल्ला समन्वय समितिकी उपप्रमुख गंगा राईले श्रममा महिलाको पहुँच पुऱ्याउने सवालमा राज्यको नीति नै कमजोर पाइएको बताईन् । कानुनले एउटा कुराको परिभाषा गर्ने र व्यवहारले अर्को देखाउने परिपार्टीले महिला बर्ग शोषण र दमनमा परेको उनको बुझाई छ ।

नीतिगत कुरा र कार्यान्वयन पक्षबीचको तालमेल नमिल्दा महिलाहरु असंगठित क्षेत्रमा काम गर्न बाध्य रहेको राईले बताईन् । उपप्रमुख राईले यसविषयमा बृहत छलफल गर्न सबै गाउँ तथा नगरपलिका उपप्रमुखलाई बोलाएर ध्यानाकर्षणपत्रमा भए अनुसार छलफल गरेर जिल्लातहबाट निकास निकालेर समाधान खोज्ने प्रतिबद्धता पनि बताईन् ।

कार्यक्रमपछि आयोजक संस्थाले जिसस उपप्रमुख राई, त्रियुगा नगर कार्यपालिका सदस्य गोमा कार्की र नेपाल पत्रकार महासंघ अध्यक्ष भरत खड्कालाई ध्यानाकार्षणपत्र बुझाएको छ । उनीहरुलाई बुझाइएको ध्यानाकर्षणपत्रमा जिल्लाका असंगठित क्षेत्रका महिलाका समस्या समाधान गर्न आग्रह गरिएको छ। जिल्लाका अन्य ७ वटा स्थानीयतहहरु र जिल्ला प्रशासन कार्यालयलाई पनि आगामी दिनमा यस्ता कार्यक्रम आयोजना गरेर ध्यानाकर्षणपत्र बुझाउने योजना उनीहरुको छ ।

अधिकारकर्मीहरुले सबै स्थानीयतहले असंगठित क्षेत्रमा कार्यरत श्रमिकहरुको अभिलेखिकरण तथा सुचिकृत गरी श्रमिक परिचयपत्रको व्यवस्था गर्नुपर्ने माग पनि उठाएका छन्। त्यस्तै, जीवन विमा र उनीहरुका सन्ततीको लालनपालनदेखि पठनपाठनसम्मको जिम्मेवारी राज्यले लिनुपर्ने, कार्यस्थलमा हुने जातीय बिभेद र छुवाछुत तथा यौनहिंसा तथा दुर्व्यवहारलाई अन्त्य गर्नुपर्नेलगायत ९ बुँदे माग ध्यानाकर्षणपत्रमा उल्लेख छ ।

ध्यानाकर्षणपत्र बुझ्दै त्रिनपा कार्यपालिका सदस्य कार्कीले असमानताको खारेजी गर्दैश्रम ऐन कार्यान्वयन गर्ने विषयमा सक्दो भुमिका निर्वाह गर्ने बचन दिईन् । पत्रकार महासंघ अध्यक्ष खड्काले सरकारको उदासिनता र मजदुर आन्दोलनमा राजनीतिक घुसपैठका कारण सामाजिक सुरक्षाजस्तो महत्वपूर्प विषयबस्तु ओजेलमा परेको बताए । आर्थिक भार पर्ने भएपछि रोजगारदाता कम्पनीहरु अहिले पनि श्रम कार्यालयमा दर्ता हुन नचाहेको भन्दै उनले जसरी पनि असंगठित क्षेत्रका श्रमिक महिलालाइ पनि सामाजिक सुरक्षाभित्र पार्नुपर्नेमा जोड दिएका थिए ।

गैरसरकारी संस्था महासंघका केन्द्रीय सल्लाहकार सृजना दनुवार, केन्द्रीय सदस्य महेश्वरी राई, जिल्ला अध्यक्ष सुमन परियार, मजदुर नेता पदम दाहाल, मानवअधिकार सञ्जाल अध्यक्ष भरत खड्का, अधिकारकर्मी नजवुल खानलगायतले सामाजिक सुरक्षा कार्यक्रम सबै लक्षितबर्गसम्म पुग्ने गरी लागू गर्नुपर्नेमा जोड दिएको सञ्जालकी सचिब अप्सरा समालले बताईन् ।
















# साफ सहभागी टोलीहरु माल्दिभ्स आउन थाले

❖ बिबेक राई

*ललितपुर, असोज १२*

नजिकिँदो साफ च्याम्पियनसिपमा सहभागि हुने टोलीहरु आयोजक राष्ट्र माल्दिभ्स आउज थालेका छन् । दक्षिण एशियाली राष्ट्रहरुको लागि फुटबलको सबैभन्दा ठुलो प्रतियोगिता साफको १३ औँ संस्करण माल्दिभ्यसमा यहि शुक्रबारबाट सुरु हुँदैछ। साफ मुखैमा आएकोले पनि सहभागि टोलीहरु भटाभट माल्दिभ्स आएका हुन्। नेपाल भने सोमबार नै माल्दिभ्स पुगिसकेको छ। नेपालले साफकै लागि भनेर चरणबद्ध रुपमा विभिन्न अभ्यास तथा तयारि गर्दै आइरहेको थियो ।

नेपालले विभिन्न चरपमा खेलाडी छनौट तथा खेलाडी घटाउँदै घटाउँदै ल्याएको थियो । पोखरामा पनि नेपाली टोलीले हप्तादिन अभ्यास गरेको थियो । त्यसपछि काठमाडौं आएर साफकै तयारिको लागि भनेर भारतसँग दुई मैत्रीपूर्ण खेल खेलेको थियो। भारतसँग मैत्रीपूर्ण खेल खेल्दाको २५ सदस्यीय टोली नै थप बन्द प्रशिक्षण गर्नु भनेर कतार गएको थियो । कतारको राजधानी दोहामा बन्द प्रशिक्षणकै क्रममा नेपाली टोलीले त्यहाँको बि डिभिजनस्तरीय एक टोलीसँग मैत्रीपूर्ण खेल खेलेको थियो।

त्यसपछि मुख्य प्रशिक्षक अब्दुलाह अल्मुताइरीले दुई खेलाडी घटाउँदै नेपाली टोलीको अन्तिम २३ सदस्यीय टोली बनाएका थिए। त्यही टोलीले साफ तयारिको अन्तिम खेल भन्दै आईतबार ओमनसँग कतार विश्वविद्यालयको मैदानमा मैत्रीपूर्ण खेल खेलेको थियो । ओमनसँगको मैत्रीपूर्ण खेलपछि भोलिपल्ट नै अर्थात सोमबार नै टोली माल्दिभ्स आएको थियो । नेपाल आइपुगेको दिन नै



आयोजक टोली पनि स्वदेश फर्केको थियो। माल्दिभ्सको टोली पनि साफ तयारिको लागि कतारमै बन्द प्रशिक्षणमा थियो । माल्दिभ्सले बंगलादेशमा भएको गत संस्करपको उपाधि जितेको थियो । माल्दिभ्सले २००८ मा भएको सातौं संस्करपको उपाधि पनि जितेको थियो। दुवैपटक फाइनलमा भारतलाई नै पराजित गरेको थियो । साफमा भारतपछि सबैभन्दा सफल टोली नै माल्दिभ्स हो। २००८ मा श्रीलंकासँग मिलेर संयुक्त रुपमा साफ आयोजना गरेको माल्दिभ्सले योपटक भने एक्लौटी आयोजना गर्दैछ । माल्दिभ्स र नेपालपछि अर्थात मंगलबार श्रीलंकाको टोली पनि माल्दिभ्स आइपुगेको छ।

श्रीलंका एकपटक विजेता र एकपटक उपविजेता भइसकेको टोली हो । श्रीलंकाले १९९५ को दोस्रो संस्करपको उपाधि जितेको थियो । श्रीलंकाको टोली माल्दिभ्स पुगेको केहि घण्टापछि भारत पनि माल्दिभ्स ओर्लेको थियो । साफ ईतिहाँसमा भातर सबैभन्दा सफल टोली हो । भारतले अहिलेसम्म सर्वाधिक सातपटक उपाधि उचालिसकेको छ । २००३ मा भएको पाँचौं संस्करपबाहेक हरेक संस्करणमा भारत कम्तीमा उपविजेता भएको छ । त्यतिबेला भारत तेस्रो स्थानमा सीमित भएको थियो ।

अब बंगलादेशमात्र माल्दिभ्स आइपुग्न बाँकी छ। योपटक पाँच टोलीमात्र उपस्थित हुनेछन् । पाकिस्तान फिफाको प्रतिबन्धका कारप र भुटान कोरोनाको कारण खेलाडीलाई देशबाहिर नपठाउने आफ्नै नियमका कारण यसपालिको साफमा हुनेछैनन्। पाँच टोलीमात्र हुनेभएकोले योपटक सधैँभैँ दुई समुहमा भाग लगाइने छैन । बरु योपटक सबैलाई एउटै समुहमा राखेर लिग आधारमा एकअर्काविरुद्ध खेलाइनेछ । सबैले एकअर्कासँग खेलिसकेपछि अन्तिममा शिर्ष दुई टोलीले फाइनलमा उपाधिको लागि प्रतिस्पर्धा गर्नेछन्। उता महिला एएफसी एशियन कप छनौटमा समुह बी मा आज भियतनाम र ताजकिस्तानले प्रतिस्पर्धा गर्दैछन् । दुवै टोलीको समात तीन अंक भएपनि गोलअन्तरमा भियतनाम अघि छ र उसलाईकम्तीमा बराबरीले पनि छनौट गराउन सक्नेछ। १२ गोलअन्तरको फरक रहेको हुनाले ताजकिस्तानलाई बराबरीले मात्र पुग्दैन त्यसैले उसलाई जित्नैपर्ने दबाब छ। यता घरेलु फुटबलको कुरा गर्नुपर्दा आउँदै गरेको ए डिभिजन लिगको लागि बिराज महर्जन च्यासल क्लबमा आबद्ध भएका छन्।












माझखर्क साप्ताहिकको सह-प्रकाशन मुलुकी दैनिक

प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः– ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट